# (६० औ बैठक)

आज मिति २०७७ साल वैशाख ०८ गतेका दिन यस गाउँपालिका श्रीमान् अध्यक्ष लक्ष्मी देवी पाण्डे ज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितीमा गाउँ कार्यपालिकाको वैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी तपसिल वमोजिमको निर्णय गरियो ।

**उपस्थिती :-**

श्री लक्ष्मी देवी पाण्डे - श्रीमान् अध्यक्ष

श्री स्वतन्त्र कोपिला मल्ल - उपाध्यक्ष

श्री कृष्ण सापकोटा - प्रमुख प्रशासकीय अधिकृत

श्री चित्र वहादुर कानु मगर - वडा अध्यक्ष ,वडा नं. १

श्री पदम वहादुर पौडेल क्षेत्री - वडा अध्यक्ष ,वडा नं. २

श्री छवीलाल मिधुन - वडा अध्यक्ष ,वडा नं. ३

श्री रोशन थापा - वडा अध्यक्ष ,वडा नं. ४

श्री पदम वहादुर राना - वडा अध्यक्ष,वडा नं. ५

श्री छम वहादुर सोमै मगर - वडा अध्यक्ष,वडा नं. ६

श्री अमर सिं वि.क. - कार्यपालिका सदस्य एवं गाउँकार्यपालिका प्रवक्ता

श्री उर्मिला महतो - कार्यपालिका सदस्य

श्री कर्णमाया वि.क. - कार्यपालिका सदस्य

श्री तारा देवी चुहान - कार्यपालिका सदस्य

श्री मोतिलाल कुमाल - कार्यपालिका सदस्य

श्री राजेन्द्र प्रसाद रेग्मी - लेखा अधिकृत

श्री कृष्ण प्रसाद सापकोटा - स्वास्थ्य शाखा प्रमुख

श्री माधवराज गौतम - गाउँ शिक्षा अधिकृत

श्री रसिक लामिछाने - स्वकीय सचिव श्रीमान् अध्यक्ष ज्यू

तुल्सी श्री तुल्सिसरा श्रेष्ठ - जि.स.स. सदस्य

हुप्सेकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
[illegible]वास, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश नेपाल
स्था. २०७३

प्रस्तावहरु

(१) सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा।

(२) कोरोना रोकथाम तथा पूर्व तयारी समितिका निर्णयहरु सम्बन्धमा।

(३) कोरोना महामारी नियन्त्रण सम्बन्धमा।

(४) स–साना विकास निमार्णका कार्यहरु सञ्चालन गर्ने सम्बन्धमा।

(५) लेखा समितिको कार्य सम्बन्धमा।

(६) गाउँ सभा सञ्चालन सम्वन्धमा।

(७) शोक प्रस्ताव सम्वन्धमा।

निर्णयहरु

निर्णय नं १. प्रस्ताव नं. १ माथी छलफल गर्दा यस गाउँपालिकाकामा वितरण गरिने सामाजिक सुरक्षा भत्तालाई वैंकिङ्ग प्रणालीको माध्यमवाट वितरण गर्ने साथै सामाजिक सुरक्षा भत्ता व्यवस्थापन गर्न नागरिकलाई अधिकतम सेवा दिने वैंक सँग सहकार्य गर्ने निर्णय गरियो।

निर्णय नं २. प्रस्ताव नं. २ माथी छलफल गर्दा कोरोना रोकथाम तथा पूर्व तयारी समिति तथा सचिवालयको मिति २०७७ वैशाख ८ गते वसेको वैठकले गरेका देहायका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

बुदाँ नं. २.१ लक डाउनले पारेको विषयगत प्रभावको सम्वन्धमा विषयगत शाखाले अध्ययन गरी आगामी दिनमा प्रभाव न्युनीकरणका लागि के गर्न सकिन्छ, अध्ययन गरी तुरुन्त गाउँपालिकामा प्रतिवेदन पेश गर्ने.

बुदाँ नं.२.२ राहत सामग्री वितरणको लागि गाउँपालिकाले के कति राहत सामग्री खरिद गरेको हो, सो को विवरण र मौज्दात र नपुग राहत सामग्री के कति हो, सो को विवरण अध्यावधिक गर्ने.

बुदाँ नं.२.३ यस गाउँपालिका भित्र रहेका नियमित औषधी सेवन गर्ने दीर्घ रोगीहरुको विवरण संकलन गर्न स्वास्थ्य शाखालाई जिम्मा दिने.

बुदाँ नं.२.४ यस गाउँपालिकामा प्रवेश गर्ने मुख्य नाकाहरुमा थप कडाई गर्ने र गाउँपालिका भित्रका मानिसहरु आवत जावत गर्ने वडागत नाकाहरुमा सहजीकरण गर्ने,

बुदाँ नं.२.५ यस गाउँपालिका भित्रका स–साना विकासका कार्यहरुलाई अगाडि बढाउने,

बुदाँ नं.२.६ विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरसको समयमा विपन्न तथा प्रकोपबाट पिडित पक्षलाई राहत दिन यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतमा प्रकोप व्यवस्थापन राहत कोष स्थापना गर्ने,

निर्णय नं ३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस गाउँपालिकामा प्रवेश गर्ने मुख्य नाकाहरुको अनुगमन गरी आवश्यकतानुसार स्वयं सेवक खटाउने र महामारी नियन्त्रणका लागि लकडाउनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं ४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस गाउँपालिका भित्रका स –साना विकास निर्माणका कार्यहरुमा आन्तिरक कामदार प्रयोग गरी कार्य गर्ने र सो को जानकारी जिल्ला प्रशासन कार्यालय, र जिल्ला समन्वय समिति नवलपरासी (बर्दघाट सुस्ता पूर्व) लाई दिने निर्णय गरियो।

निर्णय नं ५. प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस गाउँपालिकाको वित्तीय सुशासनलाई मजवुद वनाउन गाउँपालिकामा गठित लेखा समितिलाई आफ्नो क्षेत्राधिकार भित्र रहेर कार्य गर्नका लागि अनुरोध गर्ने, वित्तीय जवाफदेहिता र सुशासनका लागि उक्त समितिले मागेका प्रतिवेदन एवं कागजातहरु उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ६. प्रस्ताव नं. ६ माथी छलफल गर्दा विविध कारणवस यस गाउँपालिकाको स्थगित भएको हिंउदे अधिवेशन आवश्यक तयारी गर्ने र तयारी पुरा गरी छिटै गाउँ सभा बोलाउने निर्णय गरियो ।

निर्णय नं ७. प्रस्ताव नं. ७ माथी छलफल गर्दा यस गाउँपालिकाका कार्यपालिका सदस्य कर्णमायाँ वि.क.का ससुरा लाल वहादुर वि.क.को असामयिक निधन भएकोमा निजको आत्माको चीर शान्तिको कामना गर्दै शोकाकुल परिवारमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भन्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो।